# माथागढी गाउँपालिका
# आर्थिक ऐन, २०७९

गाउँसभाबाट पारित मिति : – २०७९/०३/२६

माथागढी गाउँपालिका
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

# माथागढी गाँउपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने बनेको ऐन

**प्रस्तावना :** माथागढी गाँउपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम माथागढी गाँउसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "माथागढी गाउँपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदखि माथागढी गाँउपालिका क्षेत्रमा लागू हुनेछ ।

**२.सम्पत्ति कर :** माथागढी गाँउपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३.भूमि कर (मालपोत) :** माथागढी गाँउपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) कर लगाइने र असूल उपर गरिनेछ ।

**४.घर वहाल कर :** माथागढी गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**५. व्यवसाय कर :** माथागढी गाँउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :** माथागढी गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर :** माथागढी गाँउपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिमको सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

**८. विज्ञापन कर :** माथागढी गाँउपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिमको विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

**९. मनोरञ्जन कर :** माथागढी गाँउपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिमको व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

माथागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

**१०. वहाल बिटौरी शुल्क** : माथागढी गांउपालिकाको क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार वहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क** : माथागढी गांउपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. सेवा शुल्क, दस्तुर** : माथागढी गांउपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१४. कर तथा शुल्क संकलन सम्बन्धी अन्य व्यवस्था** : यो ऐनमा व्यवस्था भएकोमा बाहेक नेपालको संविधान र प्रचलित कानून बमोजिम अन्य कर तथा शुल्क संकलन गांउकार्यपालिकाले तोके बमोजिम हुने छ ।

**१५. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउंपालिकाले तोके अनुसार हुने छ ।

अध्यक्ष

## अनुसूचि-१

### सम्पत्ति करको दररेट

| क्र.सं. | सम्पत्ति विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १. | ३ लाख सम्म | रु.२५ | |
| २. | ३ देखि ५ लाख सम्म | रु.५० | |
| ३. | ५देखि १० लाख सम्म | रु.१०० | |
| ४. | १० देखि १५ लाख सम्म | रु.२०० | |
| ५. | १५ देखि २० लाख सम्म | रु.३०० | |
| ६. | २० देखि ५० लाख सम्म | रु.५०० | |
| ७. | ५० लाख देखि १ करोड सम्म | रु.१००० | |
| ८. | १ करोड देखि माथि | रु.२००० | |

## अनुसूचि-२

### मालपोत दस्तुर मालपोत तथा भुमिकर

| | | | | |
|---|---|---|---|---|
| | प्रति रोपनी पाखो | ४ | ४ | |
| | प्रति रोपनी खेत | ५ | ५ | |
| | ५ रोपनी सम्म | २५ | | |
| | जरिवाना | | | |
| | १ वर्ष सम्मको | ५ प्रतिशत | | |
| | १ वर्ष पछिको | १० प्रतिशत | | |
| | | | | |

## अनुसूचि–३

### घर बहाल कर

| क.सं. | प्रयोजन | करको दर |
|---|---|---|
| क. | व्यापारिक, सरकारी कार्यालय, अन्य संस्थाको कार्यालय | घर भाडा सम्झौता अंकको १०% |
| ख. | परिवारिक बसोबास | घर भाडा सम्झौता अंकको ५% |

अध्यक्ष

अनुसूची-[illegible]

## व्यापार व्यावसाय कर

| क्र.सं. | सेवाको विवरण | दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १ | व्यापारिक बस्तू | | | |
| १.१ | कपडा पसल | | | |
| क | साना खूद्रा बिक्री गर्ने | ५०० | २५० | |
| ख | खूद्रा बिक्री गर्ने | १००० | ५०० | |
| ग | थोक खूद्रा बिक्री गर्ने | २००० | १००० | |
| घ | सिरक डसना, खोल, साना पसल आदि | ३००० | १५०० | |
| ङ | सिरक डसना, खोल, कार्पेट आदि | ४००० | २००० | |
| च | स्वदेशी कपडा खूद्रा बिक्री | २००० | १००० | |
| छ | ढाका कपडा खूद्रा बिक्री | २००० | १००० | |
| ज | ढाका सो रुम तथा थोक बिक्री | ३००० | १५०० | |
| १.२ | किराना पसल र प्राभिजन पसल | | | |
| क | साना किराना पसल/टकी व्यवसाय | ५०० | २५० | |
| ख | किराना पसल | १००० | ५०० | |
| ग | थोक खूद्रा किराना पसल | २००० | १००० | |
| घ | प्रोभिजन पसल | ३००० | १५०० | |
| ङ | अन्य घूम्ती पसल | १००० | ५०० | |
| १.३ | फेन्सी पसल | | | |
| क | साधारण | १००० | ५०० | |
| ख | विदेशी सामान सहित | २००० | १००० | |
| ग | कूर्था सूलवार बिक्री समेत | १००० | ५०० | |
| घ | जूत्ता, चप्पल, झोला सहित | २००० | १००० | |
| १.४ | हजाम तथा ब्युटिपार्लर | | | |
| क | हजाम | ५०० | २५० | |
| ख | ब्युटिपार्लर मात्र | ५०० | २५० | |
| ग | तालिम सहित ब्युटिपार्लर | १००० | ५०० | |
| १.५ | गहना पसल | | | |
| क | ३ जनासम्म कामदार भएको | ५०० | २५० | |
| ख | ३ जनाभन्दा बढी कामदार भएको | १००० | ५०० | |
| ग | नक्कली गहना पसल | ५०० | २५० | |
| १.६ | भाडा पसल | | | |
| क | उत्पादन र बिक्री गर्ने | २००० | १००० | |
| ख | खूद्रा बिक्री गर्ने | ५०० | २५० | |
| ग | थोक तथा खूद्रा बिक्री पसल | १००० | ५०० | |

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| घ | माटाको तथा प्लाष्टिक भाडा पसल | ५०० | २५० | |
| ङ | किचन हाउस जस्ता मिश्रित पसल | १००० | ५०० | |
| च | प्लाष्टिक अन्य सामान बिक्री | ५०० | २५० | |
| १.७ | औषधि पसल | | | |
| क | मेडिकल | ५०० | २५० | |
| ख | मेडिकल क्लिनिक सहित | १००० | ५०० | |
| ग | आयूर्वेद औषधि पसल | ५०० | २५० | |
| १.८ | सिलाई/टेलरिङ पसल | | | |
| क | २ कलसम्म | ५०० | २५० | |
| ख | ३ देखि ५ कलसम्म | १००० | ५०० | |
| ग | ५ कलदेखि माथि | १५०० | ७५० | |
| घ | सिलाई तथा कपडा बिक्री | १००० | ५०० | |
| १.९ | दैनिक उपभोग्य वस्तूको थोक बिक्री | | | |
| क | दैनिक सबै उपभोग्य वस्तूको थोक बिक्री | १००० | ५०० | |
| ख | दैनिक सबै उपभोग्य वस्तूको खूद्रा बिक्री | ५०० | २५० | |
| १.१० | इलेक्ट्रोनिक सामान बिक्री | | | |
| क | इलेक्ट्रोनिक सामान थोक बिक्री | १००० | ५०० | |
| ख | इलेक्ट्रोनिक सामान खुद्रा बिक्री | ५०० | २५० | |
| ग | मोबाइल बिक्री तथा मर्मत | ५०० | २५० | |
| घ | घडी, रेडियो बिक्री तथा मर्मत | ५०० | २५० | |
| ङ | कम्प्युटर बिक्री तथा मर्मत | ५०० | २५० | |
| च | कम्प्युटर सफ्टवेयर निर्माण | १००० | ५०० | |
| १.११ | विद्यूत सामान बिक्री पसल | | | |
| क | थोक बिक्री गर्ने | १००० | ५०० | |
| ख | खूद्रा बिक्री गर्ने | ५०० | २५० | |
| ग | थोक खूद्रा बिक्री गर्ने | १५०० | ७५० | |
| १.१२ | फलफूल तरकारी पसल | | | |
| क | थोक बिक्री गर्ने | ५०० | २५० | |
| ख | खूद्रा बिक्री गर्ने | ३०० | १५० | |
| ग | खूद्रा बिक्री किराना समेत | ५०० | २५० | |
| १.१३ | फोटो व्यवसाय/फोटो व्यवसाय | | | |
| क | फोटो खिच्नेमात्र (स्टुडियो) | ५०० | २५० | |
| ख | फोटो खिच्ने र अन्य सामान बिक्री गर्ने | ५०० | २५० | |
| ग | भिडियो तथा फोटो खिच्ने | ५०० | २५० | |
| १.१४ | पूस्तक पसल तथा स्टेशनरी | | | |
| क | स्टेशनरी तथा खेलकूद सामग्री | १००० | ५०० | |
| १.१५ | माछा मासू पसल | | | |

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| क | मासू मात्र बिक्री | ५०० | २५० | |
| ख | सबै माछा मासू बिक्री गर्ने | १००० | ५०० | |
| १.१६ | फर्निचर सोरुम | | | |
| क | स्टील, काठ फर्निचर, कार्पेट अन्य सजावट बिक्रेता | २००० | १००० | |
| ख | आल्मूनियम फर्निचर बिक्रेता | ३००० | १५०० | |
| ग | प्लाष्टिक फर्निचर, कार्पेट अन्य सजावट बिक्रेता | १००० | ५०० | |
| घ | फ्लोरिङ तथा फर्निसिङ | ३००० | १५०० | |
| १.१७ | काष्ठ व्यवसाय | | | |
| क | स मिल काठ चिर्ने | २००० | १००० | |
| ख | काठ चिरान गरी खरिद बिक्री | २००० | १००० | |
| ग | काठ चिरान गरी खरिद बिक्री तथा फर्निचर उत्पादन | २००० | १००० | |
| १.१८ | मोटर पार्टस् तथा वर्कशप | | | |
| क | थोक बिक्री गर्ने | ३००० | १५०० | |
| ख | खूद्रा बिक्री गर्ने | १५०० | ७५० | |
| १.१९ | सवारी साधन बिक्री गर्ने | | | |
| क | लाइट गाडी सो रुम तथा बिक्री | ३००० | १५०० | |
| ख | हेभि गाडी सो रुम तथा बिक्री | ४००० | २००० | |
| ग | मोटर साइकल सो रुम तथा वर्कसप | २५०० | १२५० | |
| घ | रिकन्डीसन मोटर साइकल सो रुम | १५०० | ७५० | |
| ङ | साइकल बिक्री | १००० | ५०० | |
| १.२० | हार्ड वेयर सामान पसल | | | |
| क | हार्ड वेयर खूद्रा बिक्री गर्ने | १००० | ५०० | |
| ख | हार्डवेयर थोक बिक्री गर्ने | १५०० | ७५० | |
| ग | हार्डवेयर लगायत कलर सहित | २००० | १००० | |
| घ | सार्वल, चिप्स आदि | २००० | १००० | |
| ङ | सिसा तथा प्लाइउड सामान | ३००० | १५०० | |
| च | गिट्टी, बालूवा ढुङगा इट्टा सप्लायर्स | ३००० | १५०० | |
| १.२१ | श्रृगार तथा उपहार सामान | | | |
| क | थोक बिक्री गर्ने | ५०० | २५० | |
| ख | खूद्रा बिक्री गर्ने | ५०० | २५० | |
| ग | खेलौना उपहार तथा गिफ्ट पसल | ५०० | २५० | |
| १.२२ | मदिरा तथा पेय पदार्थ पसल | | | |
| क | मदिरा खूद्रा पसल | १००० | ५०० | |
| ख | मदिरा थोक पसल | २००० | १००० | |
| ग | मदिरा थोक/खूद्रा/पेय पसल | ३००० | १००० | |
| घ | पेय पदार्थ पसल | १००० | ५०० | |

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १.२३ | आयल निगम पेट्रोल पम्प | | | |
| क | १ मात्र पम्प कारोबार | १५०० | ७५० | |
| ख | २ वा सो भन्दा बढी पम्प | ३००० | १५०० | |
| ग | मट्टितेल डिपो | ५०० | २५० | |
| १.२४ | साउण्ड सिस्टम भाडा तथा बिक्री | १००० | ५०० | |
| १.२५ | सौर्य उर्जा तथा सौलार | १००० | ५०० | |
| १.२६ | उनि धागो बिक्रेता | ५०० | २५० | |
| १.२७ | पुजा सामग्री | ५०० | २५० | |
| १.२८ | चस्मा बिक्री तथा मर्मत | ५०० | २५० | |
| १.२९ | पसू आहार तथा औषधि (एग्रोभेट) | १००० | ५०० | |
| १.३० | पर्यटन सामान बिक्री | १००० | ५०० | |
| | २.मर्मत सम्भार सेवा | | | |
| क | हावा भर्ने पंचर टाल्ने | ५०० | २५० | |
| ख | मोटर साइकल मर्मत वर्कसप | १००० | ५०० | |
| ग | मोटर धूने वर्कशप | ५०० | २५० | |
| घ | हेभि मोटर गाडी बडी मर्मत | १००० | ५०० | |
| ङ | हल्का मोटर गाडी बडी मर्मत | १००० | ५०० | |
| च | लूगा सिलाउने मेशिन मर्मत | ५०० | २५० | |
| छ | स्टोभ, छाता, प्रेसर कूकर, ग्यास, चूल्हो मर्मत | ५०० | २५० | |
| ज | रेफ्रिजेरेटर, हिटर, पंखा, ट्रान्सफर्मर तथा अन्य इलेक्ट्रोनिक सामानहरु मर्मत | ५०० | २५० | |
| | ३.मनोरञ्जन कर | | | |
| क | स्थायी सिनेमा हल | | | |
| ख | महोत्सव भित्रको रमाइलो मेला दैनिक | | ५००० | |
| ग | केबूल लाइन इन्टरनेट टिभी फाइवर | २००० | १००० | |
| घ | महोत्सव मेला दस्तूर प्रतिदिन | | ५००० | |
| | ४.विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | | | |
| ४.१ | इञ्जिनियरिङ्ग कन्सल्टेन्सीमा | | | |
| क | ओभरसियर | १००० | ५०० | |
| ख | इन्जिनियर | २५०० | १२५० | |
| ग | प्रोप्राइटर सीप फर्म | १५०० | ७५० | |
| घ | साझेदारी सीप फर्म | २००० | १००० | |
| ङ | अन्य परामर्श सेवा | १५०० | ७५० | |
| ४.२ | कानुनी सेवा व्यवसायमा | | | |
| क | लेखापढी व्यवसाय | ५०० | २५० | |
| ख | अधिवक्ता कानुन व्यवसाय | १००० | ५०० | |
| ४.३ | लेखापरीक्षक | | | |
| क | क श्रेणीको अडिटरमा | १००० | ५०० | |

अध्यक्ष

| | | | |
|---|---|---|---|
| ख | ख श्रेणीको अडिटरमा | १००० | ५०० |
| ग | ग र घ श्रेणीको अडिटरमा | ५०० | २५० |
| ४.४ | बीमा एजेण्ट | ५०० | २५० |
| ४.५ | सर्भेयर | ५०० | २५० |
| ४.६ | अनुवादक | ५०० | २५० |
| ४.७ | सबै प्रकारका कन्सल्टेन्सी | १००० | ५०० |
| ४.८ | वेभ साइट र प्रोग्राम डिजाइनर | १००० | ५०० |
| ४.९ | सामान ढुवानी ट्रान्सपोर्ट व्यवसाय | १००० | ५०० |
| ४.१० | कपडा धुलाई | | |
| क | साधारण पसल | ५०० | २५० |
| ख | लाउण्ड्री सेवा | ५०० | २५० |
| ४.११ | साइन बोर्ड लेख्ने | | |
| क | साइन बोर्ड ब्लक र चित्र बनाउने | ५०० | २५० |
| ख | कपडामा ब्यानर बनाउने | ५०० | २५० |
| ग | प्लाष्टिक तुल ब्यानर बनाउने (फ्लेस बोर्ड) | ५०० | २५० |
| | ५. अन्य सेवा | | |
| क | वैदेशिक रोजगार सेवा | २००० | १००० |
| ख | हाउजिङ्ग घर जग्गा खरिद बिक्री | ३००० | १५०० |
| ग | फूल विरुवा विक्रेता नर्सरी | ५०० | २५० |
| घ | नेटवर्क केवल लाइन | २००० | १००० |
| ङ | भेटेनरी सर्भिस | ५०० | २५० |
| च | डिपार्टमेण्टल सुपरमार्केट | | |
| | क. साधारण | १००० | ५०० |
| | ख. मझौला | २००० | १००० |
| | ग. सुविधा सम्पन्न | ३००० | १५०० |
| छ | पान पसल | ५०० | २५० |
| | ६.उद्योग व्यवसाय | | |
| क | उत्पादनमुलक उद्योग | | |
| | रु. १ लाखसम्मको चालू पुंजी भएको | २०० | १०० |
| | रु. १ लाखदेखि ३ लाखसम्म चालू पुंजी भएको | ५०० | २५० |
| | रु. ३ लाखदेखि ५ लाखसम्म चालू पुंजी भएको | १००० | ५०० |
| | रु. ५ लाखदेखि १० लाखसम्म चालू पुंजी भएको | १२०० | ५०० |
| | रु. १० लाखदेखि २५ लाखसम्म चालू पुंजी भएको | २००० | १००० |
| | रु. २५ लाखदेखि ५० सम्म चालू पुंजी भएको | ३००० | १५०० |
| | रु.५० लाखदेखि १ करोड सम्म चालू पुंजी भएको | ५००० | २००० |
| | रु. १ करोड देखि माथि चालू पुंजी भएको | ६००० | ३००० |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | बोरिङ कम्पनी, पानी बिक्रेता | १००० | ५०० | |
| ख | कृषि तथा वनजन्य उद्योग व्यवसाय | | | |
| | रु. १ लाखसम्मको चालू पुंजी भएको | ५०० | २५० | |
| | रु. १ लाखदेखि ३ लाखसम्म चालू पुंजी भएको | १००० | ५०० | |
| | रु. ३ लाखदेखि १० लाखसम्म चालू पुंजी भएको | १५०० | ७५० | |
| | रु. १० लाखदेखि २५ लाखसम्म चालू पुजी भएको | २००० | १००० | |
| | रु. २५ लाखदेखि माथि चालू पुंजी भएको | २५०० | १२०० | |
| ग | पर्यटन उद्योग | | | |
| | होमस्टे | १००० | ५०० | |
| घ | ट्रेकीङ, ट्राभल एजेन्सी, टिकट रिजर्भेशन | १००० | ५०० | |
| ङ | होटल, लज, गेष्ट हाउस | | | |
| | साधारण चिया पसल | ५०० | २५० | |
| | रेष्टूरेण्ट | ५०० | २५० | |
| | भोजनालय | ५०० | २५० | |
| | टेण्ट हाउस क्याटरिङ | १५०० | ७५० | |
| | पार्टी प्यालेस | २००० | १००० | |
| च | रेष्टूरेण्ट आदि व्यवसाय | | | |
| | फास्टफूड रेष्टूरेण्ट तथा साधारण चिया पसल | ५०० | २५० | |
| | शाकाहारी रेष्टूरेण्ट मिठाई पसल समेत | ५०० | २५० | |
| | ७.सेवा उद्योग | | | |
| क | छापाखाना, मूद्रण | १००० | ५०० | |
| ख | चलचित्र व्यवसाय | २००० | १००० | |
| ग | सित भण्डार (कोल्ड स्टोरेज) | १००० | ५०० | |
| घ | मिल | | | |
| | क. कूटानी, पिसानी, पेलानीमध्ये एक काम गर्ने | २०० | १०० | |
| | ख. कूटानी, पिसानी, पेलानीमध्ये एक भन्दा बढी काम गर्ने | ५०० | २५० | |
| | ८.सूचना तथा सञ्चार सेवा | | | |
| क | पत्रपत्रिका प्रकाशन | | | |
| | क. दैनिक | १००० | ५०० | |
| | ख. साप्ताहिक | १००० | ५०० | |
| | ग. पाक्षिक | १००० | ५०० | |
| | घ. मासिक | १००० | ५०० | |
| | ङ. त्रैमासिक | १००० | ५०० | |
| | च. अर्धवार्षिक | १००० | ५०० | |
| | छ. वार्षिक | | | |
| ख | टेलिफोन सेवा प्रति टावर (यूटिएल, एनसेल, स्मार्टसेल आदि) | ३००० | १५०० | |

अध्यक्ष

| | | | |
|---|---|---|---|
| ग | एफ. एम. रेडियो | १००० | ५०० |
| | अन्य सेवा | | |
| | फोटोकपी | ५०० | २५० |
| | लोकल, राष्ट्रिय, अन्तर्राष्ट्रिय फोन सेवा, फ्याक्स, साइबर | ५०० | २५० |
| | इन्टरनेट सेवा वितरण | १००० | ५०० |
| | ग्राफिक डिजाइन तथा कम्प्यूटर टाइपिङ | ५०० | २५० |
| | साइबर क्याफे | ५०० | २५० |
| | कूरियर्स तथा एक्प्रेस डेलिभरी (National & International) | १००० | ५०० |
| | विज्ञापन व्यवसाय | १००० | ५०० |
| | ९.वित्तीय सेवा नेपाल सरकारको स्वामित्व बाहेक | | |
| क | वाणिज्य बैंक मूख्य कार्यालय | ३००० | १५०० |
| ख | वाणिज्य बैंक शाखा कार्यालय | २००० | १००० |
| ग | विकास बैंक मूख्य कार्यालय | १५०० | ७५० |
| घ | विकास बैंक शाखा तथा फाइनान्स, सहकारी | १००० | ५०० |
| ङ | मनी ट्रान्सफर रेमिट्यान्स | १००० | ५०० |
| च | सटही काउण्टर | १००० | ५०० |
| छ | सहकारी बैंक | ५०० | २५० |
| | १०. स्वास्थ्य सेवा | | |
| क | नर्सिङ होम | ३००० | १५०० |
| ख | डेण्टल अस्पताल | १५०० | ७५० |
| ग | डेण्टल क्लिनिक | १००० | ५०० |
| घ | प्राकृतिक चिकित्सा केन्द्र | १००० | ५०० |
| ङ | जडिबूटी तथा हर्बल सामग्री खरिद बिक्री | १५०० | ७५० |
| च | एक्सरे तथा प्याथोलोजिक, ल्याव | २००० | १००० |
| | ११. शिक्षा सेवा | | |
| क | ड्राइभिङ इन्स्टीचयूट | १००० | ५०० |
| ख | कोचिङ सेण्टर, कम्प्यूटर सिकाउने | १००० | ५०० |
| ग | विदेशी भाषा कक्षा सञ्चालन | १००० | ५०० |
| घ | निजी विद्यालय | | |
| | पुर्व प्राथमिक/मण्टेश्वरी | २००० | १००० |
| | प्रा.वि. स्तरसम्म | ३००० | १५०० |
| | नि.मा.वि. स्तरसम्म | ४००० | २००० |
| | मा.वि. स्तरसम्म | ५००० | २५०० |
| | मा.वि. देखि +२ सम्मको | ७००० | ३५०० |
| | निजी क्याम्पस तथा प्राविधिक शिक्षालय | १०००० | ५००० |
| ङ | तालिम तथा अनुसन्धान | | |
| | संगीत, डान्स, ब्यूटिपार्लर तालिम | ५०० | २५० |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | मोबाइल, रेडियो मर्मत तालिम केन्द्र | ५०० | २५० | |
| | विविध तालिम सेवा केन्द्र | ५०० | २५० | |
| | १२. निर्माण व्यवसायी | | | |
| | घ. श्रेणीको निर्माण व्यवसायी | १०००० | ३००० | |
| | निजी ठेकेदार लेबर कन्ट्र्याक्टर घर निर्माणकर्मी | १००० | ५०० | |
| | १३. डिलर | | | |
| | चूरोट बिंडी | १००० | ५०० | |
| | रिचार्ज कार्ड | १००० | ५०० | |
| | हल्का पेय पदार्थ | १००० | ५०० | |
| | मादक पदार्थ | २००० | १००० | |
| | ग्यांस | ३००० | १५०० | |
| | मट्टीतेल, डिजेल, पेट्रोल | ४००० | २००० | |
| | सिमेण्ट | ५००० | २५०० | |
| | ब्याट्रि, साबून, बिस्कूट, चाउचाउ, चिनी, नून | १००० | ५०० | |
| | टि.भी. रेफ्रिजेरेटर | १००० | ५०० | |
| | १४. अन्य | | | |
| | कवाडी कारोबार | १००० | ५०० | |
| | पौडी पोखरी | ५०० | २५० | |
| | व्यायामशाला तथा जीम हाउस | ५०० | २५० | |
| | मिक्स्चर तथा भाइब्रेटर भाडा | ५०० | २५० | |
| | १५. प्रचार प्रसार स्टल ४ फूट लम्बाई ४ फूट चौडाई | | | |
| | क. व्यवसायिक प्रयोजन प्रतिदिन | | ३०० | |
| | ख. सुचनामुलक | | ३०० | |
| | १६. काञ्जी हाउसमा राखिने चौपायाको | | | |
| | भैंसी रागा आदिलाई दैनिक | २०० | १०० | |
| | गाई गोरु आदिलाई दैनिक | १०० | ५० | |
| | घोडा, खच्चड, गधा आदिलाई दैनिक | ३०० | ५० | |
| | बंदेल, बंगुर, सुगुर आदिलाई दैनिक | २०० | १०० | |
| | १७ .कृषि तथा पशुपालन व्यवसाय | | | |
| १७.१ | पोल्ट्री फर्म | | | |
| क | संख्या १००० सम्म | १००० | ५०० | |
| ख | १००१ देखि १०००० | २००० | १००० | |
| ग | १०००१ देखि २०००० | ३००० | १५०० | |
| १७.२ | बंगुर फर्म | | | |
| क | ५ वटा सम्म माउ | १००० | ५०० | |
| ख | ५ देखि २० सम्म | २००० | १००० | |
| ग | २० देखि ५० सम्म | ३००० | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| घ | ५० देखि १०० सम्म | ४००० | २००० | |
| ङ | १०० भन्दा माथि | ६००० | ३००० | |
| १७.३ | **बाखा फर्म** | | | |
| क | ५० संख्यासम्म | १००० | ५०० | |
| ख | ५० देखि १०० सम्म | २००० | १००० | |
| ग | १०० देखि २०० सम्म | ३००० | १५०० | |
| घ | २०० देखि ३०० सम्म | ४००० | २००० | |
| ङ | ३०० देखि ४०० सम्म | ६००० | ३००० | |
| च | ४०० देखि माथि | ८००० | ४००० | |
| १७.४ | **गाई/भैंसी फर्म** | | | |
| क | ३ देखि १० सम्म | १००० | ५०० | |
| ख | १० देखि २० सम्म | २००० | १००० | |
| ग | २० देखि माथि | ५००० | २५०० | |
| १७.५ | माथिको वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोबार र स्तर हेरी वार्षिक १०० देखि ५००० रुपैयासम्म | | | |

अनुसूचि-५

## जडीबुटी, कवाडी र जीवजन्तु कर जडिवुटी तथा काठ निकासी

| सि.न | कर सूचि | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| १ | काठ निकासी | कू काठ | सरकारी दररेटको प्रति क्यूफिट १ प्रतिशतका दरले । |
| २ | दाउरा निकासी | जुनसुकै | सरकारी दररेटको १ प्रतिशतका दरले । |
| ३ | काठ निकासी | चाप | सरकारी दररेटको प्रति क्यूफिट १ प्रतिशतका दरले । |
| | काठ निकासी | खयर | सरकारी दररेटको प्रति क्यूफिट १ प्रतिशतका दरले । |
| ४ | काठ कटान सम्वन्धि सिफारिस | | रु.१००० प्रति फाईल । |
| ५ | काठ निकासी | साल, सिमल, साज, आप | सरकारी दररेटको प्रति क्यूफिट १ प्रतिशतका दरले । |
| ६ | वास निकासी | बास प्रति गोटा | रु.५ का दरले । |

अध्यक्ष

वार्षिक सवारी साधन कर

प्रदेश सरकार, लुम्बिनी प्रदेशको आर्थिक ऐन मा व्यवस्था भएबमोजिम हुनेछ ।

अनुसूचि-७

विज्ञापन कर

| सि.नं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | होर्डिङ वोर्ड /तुल व्यानरको साईज(प्रति स्क्वायर फुट) | ६० | |
| २ | ग्लो वोर्ड (प्रति स्क्वायर फुट) | ६० | |
| ३ | साईन वोर्ड (प्रति स्क्वायर फुट) | ५० | |
| ४ | पोल वोर्ड (प्रति स्क्वायर फुट) | ५० | |
| ५ | भित्ते लेखन तुल व्यानर विज्ञापन अन्य प्रती गोटा | ३० | |

अनुसूचि–८

मनोरञ्जन कर

प्रदेश सरकार लुम्बिनी प्रदेशको आर्थिक ऐन मा व्यवस्था भएबमोजिम हुनेछ ।

अनुसूचि-९

बहाल विटौरी शुल्क

| | | |
|---|---|---|
| १ | सरकारले निर्माण गरेको संरचनामा | प्रति स्क्वायर फुट रु.१०(मासिक) |
| २ | व्यक्ति स्वयंले निर्माण गरेको संरचनामा | प्रति स्क्वायर फुट रु.५ (मासिक) |

अनुसूचि-१०

पार्किङ्ग शुल्क

| | | |
|---|---|---|
| १ | सवारी पार्किङ शूल्क | दिनको रु.१० देखि रु.४० सम्म |

अनुसूचि– ११

सेवा शुल्क, दस्तुर

मालपोत कार्यालयमा गर्ने सिफारीस दस्तुरहरुः

| सि.नं. | विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | नाम,थर, वतन,संशोधन प्रतिलिपी सिफारीस | १०० | |

अध्यक्ष

| | | | |
|---|---|---|---|
| २. | नामसारी दाखेल खारेज | २०० | |
| ३. | अन्य सिफारीस | १०० | |
| ४. | पुर्नवासी व्यक्तिहरुको जग्गा सिफारीस | १०० | |

## शिक्षा सम्वन्धी शुल्क

### १.सामुदायिक विद्यालय कक्षा थप दस्तुर :

| क्र.सं. | विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | कक्षा १-३ | १००० | |
| २. | कक्षा ४-५ | २००० | |
| ३. | कक्षा ६-८ | ३००० | |
| ४. | कक्षा ९-१२ | ४००० | |

### २. संस्थागत विद्यालय कक्षा थप दस्तुर :

| क्र.सं. | विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | कक्षा १ | ६००० | |
| २. | कक्षा २-३ | २००० | |
| ३. | कक्षा ४-५ | ३००० | |
| ४. | कक्षा ६-८ | ४५०० | |
| ५. | कक्षा ९-१२ | ५५०० | कक्षा (११-१२) सम्वन्धन प्राप्त भएपछिको हकमा |

### ३. शिक्षा सम्बन्धी अन्य दस्तुर :

| क्र.सं. | विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | प्रमाणपत्र प्रमाणित शुल्क | २०० | |
| २. | प्रतिलिपि प्रदान शुल्क | १०० | |
| ३. | प्रमाणपत्र नियमानुसार सच्याउदा | २०० | |

## पेन्सन सम्बन्धी सिफारिस दस्तुर :

| सि.नं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | स्वदेशको लागी | ३०० | |
| २ | विदेशको लागी | ५०० | |

अध्यक्ष

अन्य सिफारिस दस्तुरः

| सि.नं. | विवरण | दस्तुर | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १ | सामान्य सिफारिश | १०० | | |
| २ | नागरिकता सिफारिश | १०० | | |
| ३ | नागरिता प्रतिलिपी | २०० | | |
| ४ | राहदानी शिफारीस | २५० | | |
| ५ | **नाता प्रमाणीत** | | | |
| | अंग्रेजी | २०० | | |
| | नेपाली | १०० | | |
| ६ | **चारकिल्ला प्रमाणीत** | | | |
| | (क) घडेरी | ४०० | | |
| | (ख) भवन, घर, उद्योग | ४०० | | |
| | (ग) खेती योग्य | ३०० | | |
| ७ | **पञ्जिकरण (विलम्ब शुल्क घटना दर्ता ऐन तथा नियमावलीले तोके बमोजिम)** | | | |
| | (क) जन्म दर्ता | २०० | | |
| | (ख) मृत्यु दर्ता | २०० | | |
| | (ग) विवाह दर्ता | २०० | | |
| | (घ) बसाई सराई | २०० | | |
| | (ङ) सम्बन्ध बिच्छेद | २०० | | |
| ८ | पञ्जिकरण प्रतिलिपी | ५०० | | |
| ९ | व्यक्ति प्रमाणित | १०० | | |
| १० | अविवाहित प्रमाणीत | १०० | | |
| १२ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | १०० | | |
| १३ | **घर बाटो** | | | |
| | (क) मुख्य मार्गमा २०० मिटर भित्र | ५०० | | |
| | (ख) मुख्य मार्गबाट दक्षिण खोलिएको | ३०० | | |
| | (ग) मुख्य मार्गबाट उत्तर,दक्षिण | २०० | | |
| | (घ) बाटो नभएको | १०० | | |
| १४ | धितो मुल्याङ्कन वैदेशिक प्रयोजनको लागी | | | |
| | १ लाख सम्म | १०० | | |
| | ५ लाख सम्म | २०० | | |
| | १० लाख सम्म | ५०० | | |
| | २० लाख सम्म | १५०० | | |
| | ३० लाख सम्म | २००० | | |
| | ४० लाख सम्म | २५०० | | |

| | | | | |
|---|---|---|---|---|
| | ५० लाख सम्म | | | |
| | ६० लाख सम्म | ३५०० | | |
| | ७० लाख सम्म | ४००० | | |
| | ८० लाख सम्म | ४५०० | | |
| | ९० लाख सम्म | ५००० | | |
| | १ करोड भन्दा माथी | ६००० | | |
| | १५. राजश्व प्रमाणित (हैसियत प्रमाणित) | | | |
| | आय श्रोत १० लाख सम्म | ५०० | | |
| | आय श्रोत २० लाख सम्म | १००० | | |
| | आय श्रोत ४० लाख सम्म | १५०० | | |
| | आय श्रोत ८० लाख सम्म | २००० | | |
| | आय श्रोत ८० लाख भन्दा माथी | २५०० | | |
| | नक्सा पास कच्ची घर दर्ता | १०० | | |
| | भवन निर्माण दरखास्त फाराम | २५० | | |
| १६ | वैदेशिक प्रमाणपत्र (प्रतिलिपि प्रमाणीत) दस्तुर | ५०० | | |
| | टावर शूल्क | | | |
| | टावर (टेलिफोन, मोइवाल) प्रति टावर | १०,०००।० | | |

## घर नक्सापास दस्तुर

| सि.नं. | भैतिक संरचनाको विवरण | करको दर प्रति वर्गफूट) रु. |
|---|---|---|
| १ | आर सी. सी. फेम स्ट्रक्चर | |
| क) | पूर्ण भुमिगत तला | १.०० |
| ख) | अर्धभुमिगत तला | ३.०० |
| ग) | जमिन तला | ३.०० |
| घ) | पहिलो तला | ३.२५ |
| ङ) | दोस्रो तला | ३.५० |
| च) | तेस्रो तला | ३.७५ |
| छ) | चौथो तला | ४.०० |
| ज) | पाँचौ तला वा सो भन्दा माथी | ६.०० |
| २. | सिमेन्टको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो (न्युनतम् २३ से.मी. मोटाई आर.सि.सि. टायल जस्ता पाता छाना) | २.०० |
| ३. | कम्पाउन्ड वाल | |
| क) | शहरी क्षेत्र : ब्लक, ईट्टा, ढुङ्गा, आर.सि.सि. पिल्लर सिमेन्टको जोडाईमा प्रति स्क्वायर फिट | १.०० |
| ख) | अन्य क्षेत्र : ब्लक, ईट्टा, ढुङ्गा, आर.सि.सि. पिल्लर सिमेन्टको जोडाईमा प्रति स्क्वायर फिट | ०.७५ |

अध्यक्ष

| | | |
|---|---|---|
| ग) | शहरी क्षेत्र : तारवार माटोको जोडाई र कंक्रिट पिल्लरको जोडाईमा | ०.७५ |
| घ) | अन्य क्षेत्र : तारवार माटोको जोडाई र कंक्रिट पिल्लरको जोडाईमा | ०.५० |
| ङ) | शहरी क्षेत्र अन्य : | ०.५० |
| च) | अन्य क्षेत्र : | ०.३५ |

रोयल्टी (नदी/खानी जन्य पदार्थ)

| क्र.सं. | बिवरण | गा.पा. भित्रकोलागी स्थानीय दर | गा.पा. भन्दा बाहिर लैजाने दर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रति टयाक्टर | ८००।- | १०००।- | |
| २ | प्रति ६ चक्के टिप्पर र ट्रक | २५००।- | ३०००।- | |
| ३ | प्रति १० चक्के टिप्पर र ट्रक | ३५००।- | ४०००।- | |

माटो

| क्र.सं. | बिवरण | गा.पा. भित्रकोलागी स्थानीय दर | गा.पा. भन्दा बाहिर लैजाने दर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रति टयाक्टर | १००।- | १५०।- | |
| २ | प्रति ६ चक्के टिप्पर र ट्रक | ३००।- | ३५०।- | |
| ३ | प्रति १० चक्के टिप्पर र ट्रक | ४५०।- | ५००।- | |

गा.पा. संग कारोवार गर्न सूचीकरण दस्तुर प्रति फर्म रु. ५००।-

अध्यक्ष